International Research Journal of MMC (IRJMMC)

Vol- 5, No. 3, June 2024 ISSN 2717-4999 (Online) 2717-4980 (Print)

# धवलागिरिमा पर्यटनका सम्भावना र चुनौतिहरु

# (Tourism in Dhawalagiri: Opportunities and Challenges)

**SUDARSAN SILWAL**

*Author affiliations can be found in the back matter of this article

**CORRESPONDING AUTHOR**

**Sudarsan Silwal**

Dhawalagiri Multiple Campus, Baglung

surdarsan.silwal@dmc.tu.edu.np

*KEYWORDS*

पर्यटन

मौलिक उत्पादनहरु

खनिज सम्पदाहरु

जैविक विविधता

पर्यटकीय उत्पादनहरु

धवलागिरी

*ABSTRACT*

प्रस्तुत आलेखलाई धवलागिरि क्षेत्रका पर्यटन प्रवर्द्धनका सम्भावित क्षेत्रहरु पहिचान गर्नुमा केन्द्रित गरिएको छ । उद्देश्यमुलक नमूना छनोट विधिका आधारमा तयार गरिएको यस आलेखमा प्राथमिक तथा द्धितीय प्रकृतिका स्रोतसामग्रीहरु प्रयोग गरिएको छ । यस आलेखले धवलागिरी क्षेत्रका मौलिक उत्पादनहरु (सुन्तला, स्याउ, अल्लो, राडिपाखि, मादल बुट्टेनली, नेपाली कागज, सिस्नु, टिम्मुर, भीरमौरीको मह, यार्सागुम्वा, गलैंचा, भेडा च्याङ्ग्रा); खनिज सम्पदाहरु (तामा, फलाम, सिसा, युरेनियम, नुन, सुन खानीहरु); प्रकृतिका पर्यटकीय उत्पादनहरु (भकुण्डे दह, बरेङको दह, निलुवाधुरी, गाजाको दह, सोलेको धुरी, घुम्टेको धुरी, ढोरपाटन शिकार आरक्षण, पञ्चासे धुरी, डहरेको धुरी, सेतिवेणीको सालिकग्राम, गुप्तेश्वर र अल्पेश्वर लगायतका गुफाहरु, जलजला, तातोपानी कुण्ड, कालाञ्जर पर्वत, हम्पाल लेक, धवलागिरी, अन्नपूर्ण र माछापुच्छ्रेको अवलोकन गर्न सकिने पुन हिल, रुप्सेको झर्ना, सन्सारको सबैभन्दा गहिरो गल्छि अन्धगल्छि, लोमान्थाङ वालसिटि, सिन्जाजोङ गुफा, दामोदर कुण्ड, कोरलापास र आसपासका हिमसृङ्खलाहरु); जैविक विविधताहरु (कस्तुरी, मृग, मुनाल, डाँफे, हाब्रे, वन कुकुर, हिमचितुवा, भालु, खोटे सल्ला, गोब्रे सल्ला, ठिग्रे सल्ला, भोजपत्र, निरमसि, सुगन्धवाल, जटामसि, पाँचऔंले, कुट्की, तेजपात, लोक्ता, अलैंची, टिम्मुर) र अन्य ऐतिहासिक, धार्मिक एवम् सांस्कृतिक पक्षहरु नै पर्यटन प्रवर्द्धनका मुख्य सम्भावित क्षेत्रहरु भएको उल्लेख गरेको छ । तर पर्यटकीय पुर्वाधार निर्माण, पर्यटन मैत्री नयाँ वस्तिहरु (बागलुङको भकुण्डे, म्याग्दीको नागीगाँउ र पर्वतको पञ्चासे बाहेक अन्यत्र) को पहिचान तथा उचित व्यवस्थापन, पर्यटन गुरुयोजनाको निर्माण तथा कार्यान्वयन र पर्यटकका लागि प्याकेज कार्यक्रमहरु सहित व्यापक प्रचार प्रसार गर्न नसक्दा यो क्षेत्रमा पर्यटनको समय सापेक्ष रुपमा विकास हुन नसकेको तथ्यलाई मूख्य चुनौतिका रुपमा प्रस्तुत आलेखले औंल्याएको छ ।

[This article identifies potential areas for tourism development in the Dhaulagiri region, focusing on primary and secondary

Vol- 5, No. 3, June 2024 ISSN 2717-4999 (Online) 2717-4980 (Print)

natural resources as the selection criteria. It highlights key natural assets such as agricultural produce (apples, oranges, potatoes, rhododendrons, medicinal herbs, Nepali paper, silk, *Timur, Allo, Madal Buttenali, Yarsagumba*, honey, sheep etc.), mineral resources (copper, phosphorus, uranium, salt, lead, gold mines), and natural tourist attractions (*Bhakunde* Lake, *Barengko* Lake, *Niluwadhuri, Gajako* Lake, *Soleko Dhuri, Ghumteko Dhuri, Dhorpatan Hunting Reserve, Panchase Dhuri, Dahareko Dhuri, Setibeni Salikgram*, caves like *Gupteshwar* and *Alpeshwar*, waterfalls, Kali Gandaki River, Annapurna and Machhapuchhre for mountain views, Rupse waterfall, *Jaljala, Tatopani* hot spring, *Kalanjhar* mountain, Humla Lake, Dhaulagiri, Annapurna, *Andhagalchhi, Lomanthang* Walls, *Sinjajung* cave, *Damodar* Kunda, *Korala* Pass, and surrounding glaciers), biodiversity (musk, deer, munal, dafe, habre, wild dogs, mountain tiger, bears, wild goats, goats, tigers, rhododendrons, *Niramsi, Sugandhawal, Jatamasi, Paanchaunle, kutki*, bay leaf, *Lokta, Alaichi, Timur*), and various historical, religious, and cultural sites. However, the article highlights the significant challenge of tourism infrastructure development, identification of new tourism-friendly destinations (like *Bhakunde* in Baglung, *Nagi Gaun* in Myagdi, and *Panchase* in the mountains), formulation and implementation of tourism master plans, and comprehensive promotion to attract tourists. Without addressing these aspects, the article suggests that tourism in the region may not achieve its full potential over time.]

## १. परिचय

नेपाल विश्व मानचित्रमा तुलनात्मक रुपमा सानो छ। प्राकृतिक सम्पदा र पर्यटकीय सम्भावनाका दृष्टिले यो मुलुक अत्यन्त धनी छ र यदि विश्वमा कतै स्वर्ग छ भने त्यो अनुभूति गर्ने थलो नेपाल हो भन्दा फरक पर्दैन तर भूपरिवेष्ठित मूलतः भारत परिवेष्ठित स्थिति, विषम भौगोलिक अवस्था, केही अत्यावश्यक प्राकृतिक सम्पदाहरु जस्तैः कोइला, ग्याँस, तेल, नुन आदिको न्यूनता, औद्योगिक पछौटेपन आदिका कारणले गर्दा नेपालको विकास हुन नसकेको हो भन्ने अध्याँरो पाटोलाई मात्र देखिएको छ र देखाइएको छ। यो देशको उज्यालो पाटोलाई देख्नै नसक्ने र देख्नै नचाहने दृष्टिदोष भएकाहरुको दिमागको उपज हुन सक्दछ (थापा र सिलवाल, २०७३ पे. ९३) । नेपालको भौगोलिक आकारप्रकार, अद्भूत भौगोलिक विविधता, प्रचुर प्राकृतिक सम्पदाहरु, जातीय सहिष्णुता, भावनात्मक एकता, धार्मिक एवम् ऐतिहासिक महत्व आदिलगायतका कारणहरुले गर्दा नेपाल अत्यन्त सम्पन्न मुलुकभित्र पर्दछ (भट्टराई, २०६३ पे. ५१)। नेपालको पश्चिम भाग अन्तर्गत पर्ने धवलागिरि जुन हाल नेपालको गण्डकी प्रदेशअन्तर्गत पर्दछ, यस्तै सम्भावनाहरुबाट भरिपूर्ण भएको देखिन्छ। नेपालभित्रको नेपाल, हिमाल, पहाड, प्राकृतिक सौन्दर्ययुक्त रमणीय स्थल, धार्मिक एवम् सांस्कृतिक महत्वका स्थल, महत्वपूर्ण जात्रा एवम् मेलाहरु आदि यस क्षेत्रमा नै पर्दछन् । यसका साथै यस क्षेत्रमा विद्यमान सम्भावनाहरु जस्तैः व्यावसायिक कृषि, खनिज सम्पदा, जलसम्पदा, व्यापार–व्यवसाय, जैविक विविधता आदि धवलागिरिका पर्यटन प्रवद्र्धनका मूल आधारहरु हुन सक्दछन् (शर्मा, २०५१), गण्डकी प्रदेश, २०१९) । तर यसका बारेमा कुनै थप अध्ययन अनुसन्धान भएको

अद्यापि देखिदैन । प्रस्तुत अनुसन्धानमुलक लेख धवलागिरिमा पर्यटन प्रवद्र्धनका सम्भावना र चुनौतिहरुको खोजी गर्नुमा केन्द्रित रहेको छ।

## २. अध्ययन क्षेत्र, विधि र प्रक्रिया

### २.१ अध्ययन क्षेत्र

धवलागिरि नेपालको पश्चिम क्षेत्रअन्तर्गत गण्डकी प्रदेशमा पर्दछ । यस अन्तर्गत बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङ गरि चारवटा जिल्लाहरु पर्दछन् । यी जिल्लाहरुमध्ये मुस्ताङ हिमाली जिल्ला हो भने अन्य जिल्लाहरु पहाडी जिल्लाअन्तर्गत पर्दछन् । भौगोलिक आधारमा हेर्दा यो क्षेत्र ८,१४८ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ। यस क्षेत्रमा १३२,७९४ घरपरिवार सङ्ख्या र ५०१,५८३ जनसङ्ख्या रहेको देखिन्छ । यहाँ रहेका साविकका चार वटा जिल्ला, तीनवटा नगरपालिका, १५७ गाउँ विकास समिति (गा.वि.स.) र सातवटा निर्वाचन क्षेत्रलाई मिलाएर हाल पाँच वटा संघीय निर्वाचन क्षेत्र, चार वटा जिल्ला समन्वय समिति (जि.स.स.), सात वटा नगरपालिका, २१ वटा गाउँपालिका बनाइएको छ । यस क्षेत्रको भौगोलिक अवस्थालाई हेर्दा यहाँको सबैभन्दा ठूलो जिल्ला मुस्ताङ हो भने सबैभन्दा सानो जिल्ला पर्वत हो । त्यस्तै गरी घरपरिवार सङ्ख्या र जनसङ्ख्याको हिसाबले हेर्दा सबैभन्दा ठूलो जिल्ला बागलुङ हो भने सबैभन्दा सानो जिल्ला मुस्ताङ भएको कुरा तथ्याङ्कले देखाएको छ (रातका, २०७९, राज्य पुनरसंरचना आयोगको प्रतिवेदन, २०७३)।

### २.२ विधि र प्रक्रिया

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य पर्यटन प्रवद्र्धनका सम्भावना र चुनौतिहरुको खोजी गर्नु रहेको छ। यस अध्ययनमा धवलागिरि क्षेत्रभित्रका प्राकृतिक सौन्दर्ययुक्त रमणीय स्थलहरु, धार्मिक सांस्कृतिक महत्वका स्थलहरु, ऐतिहासिक महत्वका स्थलहरु, विविध जात्रा एवम् मेलाहरुलाई मुख्य आधार बनाउँदै उद्देश्यमूलक नमुना छनोट विधिका आधारमा अध्ययनको क्षेत्र चयन गरी अध्ययन कार्य गरिएको छ। यो अध्ययनमा प्राथमिक तथा द्वितीयक दुवै स्रोतका अध्ययन सामग्रीहरु उपयोगमा ल्याइएको छ । प्राथमिक स्रोतका सामग्रीहरु मूलतः अध्ययन क्षेत्र अवलोकन, बुद्धिजीवी, उद्योगी, पर्यटन व्यवसायी आदिसँगको औपचारिक एवम् अनौपचारिक अन्तरवार्ता एवम् छलफल आदिको माध्यमबाट यस क्षेत्रको पर्यटनको अवस्था, सम्भावना र चुनौतिहरुका विषयमा रायसुझावहरु सङ्कलन गरिएको छ। त्यस्तैगरी द्वितीयक स्रोतका सामग्रीहरुको सङ्कलनमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अभिलेखहरु, साविक गा.वि.स./जि.वि.स. र हालका पालिका एवम् जि.स.स. ले प्रकाशित गरेका वस्तुगत विवरणहरु, पर्यटनसँग सम्बन्धित विविध प्रतिवेदनहरु, आर्थिक सर्वेक्षणहरु, गाउँपालिका तथा नगरपालिकाका आन्तरिक अभिलेखहरु आदिलाई मुख्य आधार बनाइएको छ। यी सम्पूर्ण क्षेत्रहरुबाट प्राप्त हुन आएका सूचना एवम् जानकारीहरुलाई विश्लेषणात्मक विधिको माध्यमबाट समीक्षा गरी प्रस्तुत आलेख तयार गरिएको छ।

## ३. धवलागिरिमा पर्यटनका सम्भावित क्षेत्रहरु

धवलागिरि क्षेत्र पर्यटन व्यवसायको उर्वर क्षेत्र हो। यहाँ पर्यटन व्यवसायका पर्याप्त सम्भावनाहरु रहेका छन्। यो क्षेत्र कलासंस्कृति, प्राकृतिक सौन्दर्य आदिबाट धनी छ । यहाँको प्राकृतिक सुन्दरता, भौगोलिक विविधता, साँस्कृतिक एवम् कलात्मक विशिष्टता आफैमा अनौठो छ। यहाँका वासिन्दाहरु मिहनेती, परिश्रमी, इमान्दार र खुल्ला तथा सफा आत्मा भएका छन् भन्नेकुरा अन्यत्र जादा सुन्ने गरिएको पनि पाईन्छ। उनिहरुले व्यक्त गरेको यस प्रकारको भावना नै धवलागिरीको पर्यटन प्रवद्र्धनको मूल आधार स्तम्भ हो।

प्राकृतिक सुन्दरता, कला, संस्कृति र मठमन्दिरहरु, नैतिकवान् र मिलनसार मानव समुदाय, वन्यजन्तु वा वन्य सौन्दर्य, प्रदुषणमुक्त क्षेत्र र अनुकूल मौसम धवलागिरीको मूख्य विशेषता हो । धार्मिक सहिष्णुता, बहुजातीय, बहुभाषिक, विविध संस्कृति एवम् बहु धर्मावलम्बीहरुको सङ्गमबाट यहाँको समाज बनेको छ (जि.वि.स., २०७१) । यसका साथै यहाँ अर्गानिक उत्पादन, खनिज सम्पदा, जल सम्पदा, जैविक विविधता, यातायात सन्जाल आदिको प्रचुर सम्भावना पनि छ। यिनै

सम्भावनाहरु नै यस क्षेत्रको पर्यटन प्रवद्र्धनका आधारस्तम्भहरु हुन् । यहाँ यिनैको बारेमा संक्षिप्त रुपमा चर्चा गरिएको छ ।

### ३.१ मौलिक उत्पादनहरु

बागलुङको सुन्तला, स्याउ, भाँगो, नास्पती, पलम, चिउरी, आलु, अल्लो, बेसार, दुध–घिउ, कम्मल/राडीपाखी, बुट्टेनली, नेपाली कागज, मादल आदि, पर्वतको सुन्तला, आँप, कटहर, लिची, लप्सी, भाँगो, ट्राउट माछा, आलु, भुईस्याउ, कफी, अलैची, मह आदि, म्याग्दीको भाँगो, आलु, बदाम, भिरमौरीको मह, सिस्नो, टिम्मुर, सिल्टिमुर, यार्सागुम्बा आदि र मुस्ताङको स्याउ, सतुवा, यार्सागुम्बा, गलैँचा, भेडा–च्याङ्ग्रा आदि पर्यटकहरुलाई आकर्षित गर्ने खालका सम्भावित कृषि उपजहरु हुन् (जिकृका, २०७२) ।

### ३.२ खनिज सम्पदा स्थलहरु

धवलागिरिका बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङका विभिन्न क्षेत्रहरुमा तामा, फलाम, सुन, नुन, स्लेट, ग्याँस, खरीढुङ्गा, युरेनियम आदि लगायतका खानीहरु रहेको अनुमान गरिएको छ । फलामखानी, तामाखानी, नुनखानी विगतमा सञ्चालन भएको भए तापनि हाल सहयोग एवम् संरक्षणको अभावमा बन्द अवस्थामा रहन गएको देखिन्छ । कालीगण्डकीको बालुवामा पर्याप्त सुन पाइने अनुमान गरिएको छ । झण्डै एक महिनामा एक तोला सुन बराबरको कोरा सुन धातु पाइने कुरा सुन खोजीका लागि कालीगण्डकीको तिरमा पालको अस्थायी घर बनाई सो कार्यमा लागेका व्यक्तिहरुले बताएका छन् (कालीगण्डकी तिरको स्थलगत अवलोकनबाट प्राप्त जानकारी, २०८० बैशाख १५–१७ गते) । त्यस्तैगरी मुस्ताङमा कोइला, ग्याँस, नुन, सुन, युरेनियम आदिको खानी भएको अनुमान छ । यस जिल्लामा धातु र अधातुजन्य ५ प्रकारका खनिजहरु रहेको देखिन्छ । यस सम्बन्धमा उपाध्यायले बताएका छन् कि—

> *मुस्ताङ जिल्लामा धातु र अधातुजन्य खनिजहरु ५ प्रकारका रहेका छन् । तीमध्ये धातुजन्यभित्र उपल्लो मुस्ताङको दामोदर कुण्डदेखि बहने कालीगण्डकीको किनारमा सुन खानी रहेको र उपल्लो मुस्ताङको लोमान्थाङ र वरिपरिका गाविसको खोलाका किनारम युरेनियम रहेको तथ्य वि.सं. २००७ को वरिपरि नै युरोपियन भूगर्भविद्हरुले अनुमान गरेका थिए । हाल खानी तथा भूगर्भ विभागले यसलाई प्रमाणित गरेको छ । त्यस्तै अधातुजन्य खनिज साधनमा नुन, पेट्रोलियम पदार्थ, ग्यास र उर्जाजस्ता खनिज पदार्थ पर्दछन् । बाह्र गाउँको छुसाङ गाविसमा मुहान भई तेत्याङ गाविसमा पनि जमाएर नुन प्रशोधन गर्ने अर्को खानी नर्सिङ खोलाको किनारमा पर्दछ । हाल बन्द अवस्थामा रहेको यो नुन खानी वि.सं २०४५ सम्म स्थानीय उपभोक्ताहरुले नुन बनाई प्रयोग गर्ने गर्दथे । वार्षिक रुपमा १० मुरीसम्म नुन उत्पादन हुने यो खानी सुब्बा शङ्करमान थकालीले सञ्चालन गर्दथे । हाल बन्द अवस्थामा रहेपनि तेत्याङ र छुसाङ गाविसका जनताहरुले आफूलाई आवश्यक परेको खण्डमा कहिलेकाँही नुन उत्पादन गरी घर खर्च चलाउछन् । छुसाङदेखि चराङसम्मको करिब २० कि.मी. कालीगण्डकीको किनारमा यस्ता नुन खानीहरु प्रशस्त देखिन्छन् । पहिलेपहिले यो नुन मानिसका लागि नभएर चौरी गाई र भेडाच्याङ्ग्रालाई मात्र प्रयोग गरिन्थ्यो; हाल यो पनि प्रयोगमा छैन । सरकारले योजना बनाएमा यी सबै खानीहरु सञ्चालन गर्न सकिन्छ । त्यस्तै गरी उर्जाशील खनिजअन्तर्गत कागबेनी र मुक्तिनाथमा रहेको ग्याँस र कागबेनीमा पेट्रोलको खानी भएको देख्न र गन्ध लिन सकिन्छ । खानी तथा भूगर्भ विभागले राज्यको तर्फबाट यी साधनहरुलाई सही प्रयोग गरी उर्जामा आत्मनिर्भर बन्न सकिने तथ्याङ्क सार्वजनिक गरेको छ (रामप्रसाद उपाध्यायसँग भएको कुराकानीमा आधारित, २७ श्रावण २०७८, सिलवाल, २०७३ पे. १२–१३) ।*

त्यस्तै गरी वि.सं. २००७ पूर्व उपल्लो बाइसखानीका रुपमा चिनिएका सबै तामा खानीहरु हाल

बागलुङ र म्याग्दी जिल्लामा रहेका छन् । यी खानीहरुमध्ये पाण्डवखानी, बुङ्खानी (बुङ्गादोभान), घोसा खानी (बुर्तिबाङ), खुङ्गाखानी (खुङ्गा), खुङ्खानी र नर्जाखानी (खुङ्खानी), लामेलाखानी (लामेला), खोलाखानी (तोरीखोला, नरेठाँटी), लेखानी, ओख्लेखानी (धम्जा), राङ्खानी लगायतका खानीहरु बागलुङमा र कुइनेखानी, मङ्गलेखानी (कुइनेमङ्गले गा.वि.स.), डोलेखानी, डाँडाखानी, (भकिम्ली गा.वि.स.), मुसुङखानी (बराङ्जा गा.वि.स.), अर्मनखानी, मल्कबाङखानी, मच्छिमखानी (ताकम गा.वि.स.), गुर्जाखानी, रुम ओखरबोट खानी म्याग्दी जिल्लामा रहेको र यिनै तामाखानीहरुबाट तामाका भाडाकुडा बनाई तिब्बत तथा भारतमा पठाउने गरिएको समेत देखिन्छ । यसका साथै वि.सं. १९८८ पूर्व बेनी टक्सार, वामी टक्सार, बागलुङ टक्सार र बलेटक्सारमा समेत तामा पठाई तामाका मुद्रा टङ्कन गर्ने प्रचलन रहेको तथ्यलाई अनुसन्धानका क्रममा उपाध्यायले बताएका छन् । तामाखानीका अतिरिक्त यस क्षेत्रमा लुकुरवन (खुङ्गा), थालेपोखरा (काँडेबास), धम्जाको फलामखानी, स्यालाको सिसाखानी, पर्वतमा रहेका फलामखानीहरु, कालीगण्डकीमा रहेको सुनखानी, मल्म छिसाको सिसाखानी, बागलुङ अधिकारीचौर गा.वि.स. छयान्तुङको डिजेल तथा मट्टितेल खानी, मुस्ताङको कागबेनी र मुक्तिनाथ मन्दिर परिसरमा रहेको ग्याँस खानी, मुस्ताङको छुसाङ, तेत्याङ र चराङमा रहेका नुन खानीहरु आदि लगायतका खनिज सम्पदाहरुको सम्भावना यस क्षेत्रमा रहेको देखिन्छ (थापा र सिलवाल, २०७३:९५–९६) । उल्लेखित खानीहरुमध्ये रुम ओखरबोट खानी वि.सं.२०३० सम्म, बरङ्जाखानी र डाँडाखानी वि. सं. १९८४ सम्म, लुकुरवन (खुङ्गा), थालेपोखरा (काँडेबास), धम्जाको फलामखानी, स्यालाको सिसाखानी र पर्वतमा रहेका फलाम खानीहरु वि.सं. २०४५ सम्म, बागलुङ्को सिसाखानी वि.सं. २००७ सम्म सञ्चालनमा रहेको पाइन्छ । विभिन्नि नुन खानीबाट निकालेको थाकखोले नुन वि.सं. २०२५ सम्म तथा मुस्ताङका स्थानीयहरुले आवश्यकताअनुसार वार्षिक २/४ मुरी नुन वि.सं.२०६५/६६ सम्म प्रयोग गर्ने गरेको बुझिन्छ (रामप्रसाद उपाध्यायसँगको अन्तरवार्ता, ५ माघ २०७८) । त्यस्तै गरि पर्वतमा फलामखानी, तामाखानी (लिमिठाना र भोक्सिङ), सेलेटखानी (भाटेलेक, खाडीलेक र भुवाखोला), सुनखानी (कालिगण्डकीको किनार) हरु रहेको देखिन्छ । यस प्रकारका खनिज सम्पदाहरु जुन धवलागिरिको काखमा रहेका छन् तिनीहरुको अध्ययन अवलोकन अनुसन्धान गर्न गराउन पनि विदेशी तथा आन्तरिक पर्यटकहरुलाई आकर्षित गर्न सकिन्छ ।

### ३.३ पर्यटकीय पुर्वाधार निर्माणको आधारस्तम्भका रुपमा रहेको White gold जल सम्पदा

धवलागिरिको पर्यटन व्यवसायलाई प्रवद्र्धन गर्न सहयोग पुऱ्याउन सक्ने अर्को सम्भावित क्षेत्र जल सम्पदा हो । यहाँ कालीगण्डकी नदी, म्याग्दी खोला, राघुघाट, मोदीखोला, दरमखोला, काठेखोला, निसीखोला, बडीगाडखोला, उत्तरगङ्गा लगायतका जल सम्पदाका क्षेत्रहरु रहेका छन् । यस क्षेत्रमा २.५ मे.वा. देखि ४२ मे.वा. सम्म क्षमताका एक दर्जन जति जल विद्युत आयोजनाहरु सञ्चालन तथा निर्माणाधीन अवस्थामा रहेका छन् भने झन्डै १५० भन्दा बढी १० कि.वा. देखि ३९४ कि.वा. क्षमता सम्मका लघुजलविद्युत आयोजनाहरुसमेत सञ्चालनमा रहेको देखिन्छ ९म्ऋच्म्ऋ को आन्तरिक अभिलेख, २०७८) । यस क्षेत्र भएर बग्ने नदी र खोलानालाहरु प्रायः सबैबाट विद्युत उत्पादन गर्न सकिने अवस्था छ । पिकोदेखि ठूला–ठूला हाइड्रोपावरसम्म सञ्चालन गर्न सकिने क्षमता यो क्षेत्रले राख्दछ । बागलुङको कालीगण्डकी, काठेखोला, मुङ्दीखोला, ठेउलेखोला, गौदीखोला, दरमखोला (२.५ मे.वा. उत्पादन भएको), साउनेखोला, हाँडीखोला, बडीघाट, निसीखोला, भुजीखोला, तमनखोला, उत्तरगङ्गा आदि, पर्वतको कालीगण्डकी, मोदीखोला (मोदीखोला १४.८ मे.वा., मोदीखोला प्रथम १० मे.वा., मोदीखोला द्वितीय २० मे.वा., उपल्लो मोदीखोला २० मे.वा.) ६४.८ मे.वा., लमायखोला आदि, म्याग्दीको कालीगण्डकी, म्याग्दीखोला, रघुगङगा (४२ मे.वा.), मिस्त्रीखोला (४० मे.वा.), घलेम्दी खोला (५ मे.वा.) र मुस्ताङको कालीगण्डकी, नर्सिङ खोला, लेते खोला आदि विद्युत

उत्पादनका लागि मुख्य स्रोतहरु हुन् । यस प्रकारको संभावनालाई पूर्ण क्षमतामा सदुपयोग गर्न सकियो भने धवलागिरीको लागि मात्र होइन गण्डकी प्रदेश लाई नै लोडसेडिङ मुक्तप्रदेश बनाउन सक्ने क्षमता यस क्षेत्र भएर बग्ने नदी र खोलाहरुले राख्दछन भन्ने कुरा जानकारहरु बताउँदछन् । एउटै खोलाबाट झन्डै ५ देखि १० कि.मी सम्मको दुरीमा चार वटा जलविद्युत आयोजना सञ्चालन गरी करिब झण्डै ६४.८ मे.वा विद्युत उत्पादन गरी सकिएको छ। यसले पर्यटकीय पूर्वाधारहरुको विकास गर्न सहयोग पुऱ्याउँदछ, जसबाट धवलागिरिमा पर्यटन व्यवसायको प्रवर्द्र्धनमा टेवा पुग्न सक्ने सम्भावना देखिन्छ (स्थलगत अवलोकन, १०–१४ असार २०७९)।

## ३.४ जैविक विविधताहरु

विश्वमा पर्यटकहरुलाई आकर्षित गर्ने तत्वहरुमा जैविक विविधता पनि पर्दछ। नेपाल जैविक विविधताको हिसावले विश्वको २५ औं र एसियाको ११ औं स्थानमा पर्दछ । यहाँ ११८ किसिमका पारिस्थतिकीय प्रणाली, २०८ प्रजातिका स्तनधारी प्राणी, ८६७ प्रजातिका चरा, ११७ प्रजातिका उभयचर, १२३ प्रजातिका सरिसर्प, ६५१ प्रजातिका पुतली, १७५ प्रजातिका माकुरा र २३० प्रजातिका माछा पाइन्छन् (GoN/MoFSC, 2014) । त्यस्तै गरी धवलागिरि क्षेत्र पनि जैविक विविधतामा निकै धनी छ। यस क्षेत्रमा ढोरपाटन सिकार आरक्ष (बागलुङ जिल्लाको २६% भू भाग र म्याग्दी जिल्लाको १४% भू भाग), अन्नपूर्ण संरक्षण क्षेत्र (मुस्ताङ जिल्लाको सम्पूर्ण भाग र म्याग्दी जिल्लाको केही साविक गा.वि.स.), पञ्चासे संरक्षित वन (पर्वत जिल्लाका तीन गा.वि.स.), लोपोन्मुख जनावरहरु (कस्तुरी, मृग, हाब्रे, वन कुकुर, ब्वासो, हिमाली भालु, हिउँ चितुवा आदि), लोपोन्मुख पक्षीहरु (चिल, मुनाल, डाँफे र विभिन्न प्रकारक गिद्दहरु आदि), विविध काष्ठ प्रजातिहरु (खोटेसल्ला, गोब्रेसल्ला, ठिग्रे सल्ला, ओखर, भोजपत्र, टुनी, चिलाउने, कटुस, मौवा, काफल, सिमल, तिजु, उत्तिस, चिउरी आदि); करिव ११२ प्रजातिका गैर काष्ठ वनपैदावारहरु÷जडिबुटीहरु (लोक्ता, अल्लो, अलैची, टिमुर, जिम्मु, चिराइतो, विष (ठूलो कुखुरे), निरमसी, सुगन्धवाल, जटामसी, सुनगाभा, अमृसो, पाँचऔले, कुट्की, कुरिलो, तेजपात, लौठ सल्ला आदि) लगायतका जैविक विविधता धवलागिरिमा रहेका छन् (जिल्ला वन कार्यालय, बागलुङ, २०७३) । यस प्रकारका जैविक विविधताले भरिपूर्ण देशमा यसबाट मनोरञ्जन प्राप्त गर्नका लागि विदेशीहरु आउन सक्दछन् र पर्यटन व्यवसायको प्रवर्द्र्धनमा टेवा पुग्न जान्छ।

## ३.५ आर्थिक करिडोर

व्यापार, तीर्थयात्रा र पदयात्राका लागि पनि स्वदेशी एवम् विदेशी पर्यटकहरु आकर्षित गर्ने खालका संरचनाहरु धवलागिरिमा रहेको पाइन्छ । दक्षिण एसियाका विशाल राष्ट्रहरु चीन र भारतलाई जोड्ने झन्डै ४४० कि.मि. लम्बाई भएको कालीगण्डकी करिडोर ९प्बष्निबलमबपष् ऋयचचष्मयच०, नेपालको पूर्वको पाँचथरदेखि पश्चिम बैतडीको झुलाघाटसम्मको झन्डै १७७६ कि.मि. लामो राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्ग, नेपालको चीनतर्फ जोडिएका ९ वटा नाकामध्ये तातोपानी र रसुवा पछि मोटरबाटोले छोएको कोरलापास नाका लगायतका आर्थिक करिडोरहरु यस क्षेत्रमा रहेका छन् (जिविस, २०७१) । यस प्रकारका संरचनाहरुले पर्यटन प्रवर्द्र्धनमा सहयोग पुग्ने देखिन्छ।

## ३.६ प्रकृतिका पर्यटकीय उत्पादनहरु

धवलागिरीमा पर्यटकहरुलाई आकर्षित गर्ने खालका विविध पर्यटकीय उत्पादनहरु रहेका छन् । प्राकृतिक हिसावले हेर्दा बागलुङमा भकुन्डे दह, बरेङको दह, निलुवाधुरी, गजाको दह, सोलेको धुरी, घुम्टेलेक, ढोरपाटन सिकार आरक्ष आदि, पर्वतमा पञ्चासे धुरी, कालाञ्जर पर्वत, हम्पाल, कार्कीनेटा, गुप्तेश्वर गुफा/अलेश्वर गुफा, सहस्रधारा आदि, म्याग्दीमा बागलुङ र म्यग्दीको संगमस्थल जलजला, अन्नपूर्ण हिमालको काखमा रहेको मनोकांक्षा पूरा हुने विश्वास रहेको सिखको खयर बराह ताल, विश्वकै आकर्षक लालीगुराँस फूल फुल्ने जङ्गल एवम् पर्यटकीय केन्द्र सिखको घोडेपानी, ग्यास्टिक, छालालगायतका रोगको प्राकृतिक उपचार गर्ने ठाउँ सिंगा तातोपानी कुण्ड र भुरुङ तातोपानी कुण्ड, धवलागिरि, अन्नपूर्ण र माछापुच्छ्रे लगायतका मनमोहक

हिमश्रृङ्खलाहरुको दृश्यावलोकन गर्न सकिने टावर सिखको पुन हिल, जोमसोम जाने बाटोमा पर्ने दानाको मनमोहक रुप्से झर्ना, संसारकै सबैभन्दा गहिरो गल्छीको रुपमा रहेको दानाको अन्धगल्छी आदि र मुस्ताङमा मुक्तिनाथ माथिको पूर्वतर्फ गङ्गा बगेको आवाज सुनिने पाताल गङ्गा, पाँच तला र १४४ वटा कोठा भएको सिञ्जोङ गुफा, पहेलो, रातो, निलो र सेतो रङ्गका कुण्डहरु (दामाकुण्ड, सुनकुण्ड, दुधकुण्ड, चक्रकुण्ड, घृतकुण्ड) को समूह दामोदर कुण्ड आदि रहेका छन् । यसै सम्बन्धमा थापा र सिलवालले उल्लेख गरेका छन् किः

> *धवलागिरि पर्यटन व्यवसायको खानी हो । ... पर्वतको आर्थरबाट क्रमशः पञ्चासे लेक (२,५१७ मि.), कार्किनेटा, डहरेको लेक (२,२५९ मि.), हम्पाल मोहोरेडाडा (३,३०९ मि.), चिसापानी लेक (२,२६६ मि.), गोल्र्याङ लेक (२,१६५ मि.), सेतीवेणीको सालिग्राम, मोदीबेनी, अल्पेश्वर गुफा, गुप्तेश्वर गुफा, सहश्रधारा, बागलुङको निरयघाट, बागलुङ कालिका भगवती मन्दिर, पञ्चकोट धाम, संसारकोट, भकुन्डे दह, भैरवस्थान मन्दिर, गाँजाको दह, बिहुँ थामडाडा भ्यू टावर, त्रिपुरेश्वर महादेव मन्दिर, शिवधुरी डाडा, बिहुँकोट, गलकोट दरबार, घुम्टेको लेक, निलुवा धुरी, निर्माण हुन लागेका नेपालका १० वटा व्यवस्थित सहरमध्ये एक बुर्तिबाङ बजार, ढोरपाटन सिकार आरक्ष, म्याग्दीको जलजला, ताकमकोट, तातोपानी, महारानीस्थान, ढोरलथान, गलेश्वरधाम, तातोपानी, मार्फा, जोमसोम बजार, कागवेणी, मुक्तिनाथ, लोमान्थाङ, गुम्बा तथा गुम्बा विद्यालय, सिन्जाजोङ गुफा, कोरलापास नाका र आसपासका हिमसृङ्खलाहरु, कुशै कुशले भरिभराउ हुने रमणीय उपत्यकामा पहेलो, रातो, निलो र सेतो रङ्गका दामाकुण्ड, सुनकुण्ड, दुधकुण्ड, चक्रकुण्ड, धृत कुण्ड तथा अन्य कुण्डहरुको समूह दामोदरकुण्ड सम्मको ऐतिहासिक, भौगोलिक, सामाजिक, साँस्कृतिक, धार्मिक महत्वका क्षेत्रहरुमा पर्यटकीय पूर्वाधारहरु विकास गर्दै जानुपर्दछ (थापा र सिलवाल, २०७३:१०२; डिडिसि, २०७०) ।*

### ३.७ धवलागिरीका धार्मिक, सांस्कृतिक एवम् ऐतिहासिक पक्षहरु

धवलागिरिमा प्राकृतिक सौन्दर्यका अतिरिक्त धार्मिक, सांस्कृतिक एवम् ऐतिहासिक हिसावले विश्वमा तथा नेपालमा ख्याति कमाएका विभिन्न पक्षहरु रहेको पाइन्छ । धार्मिक, सांस्कृतिक महत्वका स्थलहरुमा बागलुङमा ठुली एकादशीमा मेला लाग्ने धार्मिक तीर्थस्थल, शिवालय मन्दिर, वृद्धाश्रम, कालीगण्डकीको तट तथा समाधिस्थलका रुपमा रहेको निरयघाट, प्रसिद्ध शक्तिपीठ, राजाप्रतापी नारायण मल्लले निर्माण गरेको कालिका भगवति मन्दिर, जैमुनि ऋषिले तपस्या गरी वसेको विश्वास गरिने बागलुङको ठेउलेखोला र कालीगण्डकीको दोभानमा अवस्थित जैमिनेश्वर शिव मन्दिर, पुरानो संसारकोट, राँयराँयकोट, माझकोट, कार्किकोट र ताराजलकोटको समुच्चय नाम प्रस्तावित विश्व शान्ति कलस स्थापना गर्न लागेको पञ्चकोट धाम, मनोकांक्षा पूरा हुने विश्वास गरीएको भैरवस्थान मन्दिर, दक्षिणबाट उत्तरतर्फ बग्ने नेपालको एकमात्र धर्मिक र प्राकृतिक सौन्दर्यले भरिपूर्ण उत्तर गङ्गा ढोरपाटन आदि, पर्वतमा मोदी र कालीगण्डकीको संगमस्थल मोदीवेनी, धार्मिक महत्व पाएको ठाउँ सेतीवेनी (सालिग्राम), पाण्डवहरु एक वर्षसम्म गुप्तवास बसेको विश्वास गरिने अल्पेश्वर गुफा, शिवले पावर्तीलाई छल गरी गुप्त रुपमा तपस्या गरेको स्थान गुप्तेश्वर गुफा तथा अन्य गुफाहरु (भुवनेश्वर, शितलपाटी, गङ्गाधार, पार्वती, ललेश्वर, शिवालय, ओडारे, लुङर्याङ, माटेढुङ्गा, चमेरे, भालुधुले र बशेश्वर गुफा), जङ्गबहादुर राणाले निर्माण गरेको गङ्गेश्वरको मन्दिर रहेको स्थान सहस्रधारा आदि, म्याग्दीमा कीर्तिबम मल्लकी रानीले आत्महत्या गरेको स्थान महारानीस्थान, पुलतस्य ऋषिको अश्रम रावणको जन्मथलोको विश्वास गरिएको पुलाचौरको पौलतस्य आस्रम, हिन्दुहरुको प्रसिद्ध धार्मिक स्थल राखु भगवती, पार्वतीको गला खसेको विश्वास गरिएको हिन्दुहरुको प्रसिद्ध धार्मिक स्थल गलेश्वर धाम र मुस्ताङमा काली र

गण्डकीको संगमस्थल पितृतर्पणका निम्ति प्रख्यात तिर्थस्थल कागवेनी, हिन्दु र बौद्ध धर्मालम्बीहरुको महान तीर्थस्थल तथा शालिग्राम शिला रुपमा साक्षात् भूदेवी, श्रीदेवी र मुक्तिनारायण देवताको विराजमान भएको विश्वास गरिने मुक्तिनाथ मन्दिर, भगवान श्री कृष्णको नामले प्रसिद्ध उच्चतम हिमशिखरमा अवस्थित मनोरम हिमकुण्ड, दामोदर कुण्ड आदि पर्दछन् (तथ्याङ्क कार्यालय बागलुङ/म्याग्दी/मुस्ताङ, २०७२; थापा र सिलवाल, २०७३, सिलवाल, २०७३, DDC 2070)।

धवलागिरिमा रहेका उल्लेखित पर्यटकीय सम्भावनाका अतिरिक्त बागलुङमा रहेको विहुँकोट, गलकोटे राजाको पुरानो राजदरवारको भग्नावशेष हटियाको ठूलोकोट, गलकोटे राजा भरतबम मल्लको पुरानो राजदरवारको भग्नावशेष हरिचौरको गलकोट दरवार, खाम मगरहरुको ऐतिहासिक राजधानीको रुपमा रहेको निसीको भलकोट, राजकुत आदि, म्याग्दीमा रहेको पर्वत राज्यको पुरानो राजधानी थापा राजाको दरवार र ऐतिहासिक कोटस्थान ताकमकोट दरवार, मल्ल राजा कीर्तिबमको दरवार र पर्वते मल्ल राजाहरुको ग्रीष्मकालीन दरवार, घतानको ढोरलथान दरवार, म्याग्दी र बागलुङको सीमामा रहेको ज्यामरुककोट आदि, पर्वतमा प्राचिन समयमा राज्यको सीमा रक्षामा प्रयोग भएका पैँयुकोट, थापाठाना र पुर्कोट जस्ता ऐतिहासिक धरोहर, लुङ्र्याङकोट, पाङ दरवार, धुवाँकोट दरवार, जुम्लीठाना, फुलवारी दरवार आदिऽ मुस्ताङमा रहेको प्राचीनतम मानव सभ्यताको अवशेषका रुपमा रहेको मानव गुफा र वालसिटीको रुपमा परिचित लोमानथाङ लगायतका ऐतिहासिक स्थलहरु यस क्षेत्रमा पर्दछन् । यस क्षेत्रमा प्रचलित जात्रा, मेलाहरु एवम् संस्कृतिहरु पनि कम महत्वका छैनन् । चैत्राष्टमी मेला, हनुमान नाच (बागलुङ बजार), न्वागीमेला (ग्वालीचौर), भुस पोल्ने र सिस्नो खोस्ने मेला (अर्गल), घुम्टे मेला, रोपाइ नाच, जोगी नाच, लाखेनाच, मुस्ताङमा प्रचलित भदौरे पर्व परम्परागत पोषाक, लामा नाच ल्होसार पर्व, यार्तुङ (घोडा दौड), अन्त्यष्टि संस्कार आदि यहाँका मुख्य जात्रा, मेला एवम् संस्कृतिहरु हुन् ।

### ३.८ अन्य विविध पक्षहरु

यस क्षेत्रलाई नेपालको सबैभन्दा अग्लो र लामो झोलुङ्गे पुल रहेको जिल्ला (पर्वत, बागलुङ), झोलुङ्गेपूल र माइक्रो हाईड्रोको जिल्ला (बागलुङ), एक मात्र शिकार आरक्ष भएको जिल्ला (बागलुङ), हिमालपारीको र पवित्र धार्मिक स्थल मुक्तिनाथ मन्दिर भएको जिल्ला (मुस्ताङ), महँगो धातु युरेनियम पाउने जिल्ला (मुस्ताङको लोमान्थाङ), नेपालको नक्सासँग मिल्ने जिल्ला (बागलुङ), विविध गुम्वा (लोमान्थाङ वालासिटीका म्याम्पा, चुकचेन र चोदे गुम्वा, छोसेरका निर्फु र गर्फु गुम्वा, चराङ गुम्बा) र गुम्वा विद्यालयहरु (छोन्दुप–१ को वाल एवम् नम्याल गुम्वा विद्यालयहरु, छोसेर–१ को लोगर्फु मञ्जुश्री गुम्बा विद्यालय, टुकुचेको नालान्दा बुष्टि स्कुल, छोसेर–२ को लोनिफुग नाम्डोल नोबालिङ गुम्बा विद्यालय, चराङको चराङ छयोदे सेडुप छर्केलिङ गुम्बा विद्यालय, चराङ–९ को लेक्स्येछयोलिङ चुम्हेलेस्टा विद्यालय, लोमान्थाङको महाकरुणा शाक्यपा गुम्बा विद्यालय र कागवेनीको काग छयोडे गुम्बा विद्यालय आदि) भएको जिल्ला (मुस्ताङ), शालीग्रामयुक्त कालीगण्डकी नदी, १९ औं शताब्दीतिर आयात निर्यात केन्द्र व्यापारको केन्द्रको रुपमा रहेको क्षेत्र (मुस्ताङ) आदीका नामले समेत चिनिन्छ (मुस्ताङ सन्देश, २०७२) । यसैगरि बागलुङको कुडुलेमा रहेको शालिग्राम संग्रालय र बागलुङ नगरपालिकामा रहेको पञ्चकोटधाम पछिल्ला दिनहरुमा पर्यटकका आकर्षणका केन्द्र बन्दै गएका छन् । यस्तै प्रकारका असङ्ख्य क्षेत्रहरु नै पर्यटन विकासका आधारस्तम्भ हुन भन्न सकिन्छ ।

## ४. धवलागिरिमा पर्यटन प्रवद्र्धनका सन्दर्भमा देखिएका चुनौतिहरु

धवलागिरिलाई पर्यटकीय क्षेत्रका रुपमा प्रवद्र्धन गर्न सकिने जति सम्भावनाहरु छन् त्यति नै चुनौतिहरुको सामना गर्नुपर्ने अवस्था पनि छ । हुन त चुनौति सम्भावनाहरुको सोपान हो । पर्यटनमा सफलता हासिल गर्ने कुरा बजार बस्तु जस्तो हुन सक्दैनन् । यसका लागि तिब्र इच्छाशक्तिको आवश्यकता पर्दछ । स्रोत आफैमा केही होइन, यसको प्रयोग कसरी भएको छ र गर्न सकिन्छ

भन्ने मुख्य कुरा हो । यहाँका प्राकृतिक, धार्मिक एवम् साँस्कृतिक, आर्थिक, ऐतिहासिक उपजहरुलाई अद्यपि बजारीकरण गर्न सकिएको देखिदैन । यस क्षेत्रमा मनोरञ्जन, पदयात्रा एवम् पर्वतारोहण, व्यापार, तीर्थयात्रा तथा अन्य औपचारिक (सभा सेमिनार, अध्ययन, अनुसन्धान) के उद्देश्यका लागि आन्तरिक तथा बाह्य पर्यटकहरु आउँदछन् र आउन सक्ने सम्भावना रहन सक्दछ भन्ने बारेमा अध्ययन अनुसन्धान भएको देखिदैन् । कृषि पर्यटन, पर्यापर्यटन, धार्मिक पर्यटन, जनजातिय एवम् सांस्कृतिक पर्यटन आदिको रुपमा धवलागिरिलाई विकास गर्न सकिने सम्भावना छ तर पर्यटकीय पूवाधारहरुको विकास गर्न सकिएको छैन । यस क्षेत्रमा सिस्ने–जलजला–ढोरपाटन (रोल्पा, रुकुम, सल्यान, प्युठान, बागलुङ, म्याग्दी), अन्नपूर्ण–मनास्लु (मुस्ताङ, मनाङ, गोरखा, लमजुङ) जस्ता पर्यटकीय क्षेत्रहरुको अवधारणा वनाई सिस्ने–जलजला–ढोरपाटन र कर्णाली पर्यटन वर्ष २०१३ लाई पर्यटक प्रवद्र्धनको विशेष कार्यक्रम बनाए पनि उपलब्धि हासिल गर्न सकेको देखिदैन । ग्रामीण क्षेत्रमा पर्यटन प्रवद्र्धन गर्न होमस्टेको अवधारणा विकसित गरिएतापनि बागलुङको भकुन्डे, म्याग्दीको नागी गाउँ र पर्वतको पंञ्चासेलगायतका केही स्थानहरुमा मात्र यस अवधारणाको प्रचार–प्रसार भए पनि यसलाई व्यवस्थित एवम् प्रभावकारी बनाउन सकिएको छैन । यस क्षेत्रमा होमस्टेको अवधारणा गुरुङ र मगर समुदायमा सफल भएतापनि अन्य समूदायमा अझै प्रसार–प्रसार गर्न सकिएको देखिदैन । समग्रमा, धवलागिरिमा पर्यटन प्रवद्र्धन हुन नसक्नुका मुलतः निम्नलिखित चुनौतिहरु देखिएका छन्—

- आधिकारिक रुपमा पर्यटकीय गन्तव्यस्थलहरु पहिचान नहुनु,
- पर्यटकीय पूर्वाधारहरुको पर्याप्त विकास हुन नसक्नु,
- पर्यटकीय गन्तव्यस्थल पहिचान भएका क्षेत्रहरुमा सुविधा सम्पन्न होटल र तालिम प्राप्त दक्ष जनशक्तिको अभाव हुनु,
- पर्यटन विकासका लागि संस्थागत व्यवस्था जस्तैः प्याकेज टुर, यातयातको साधन, सामुहिक सहकार्य, प्रभावकारी व्यवस्थापन आदिको अभाव हुनु,
- क्षेत्रीय पर्यटन प्रवद्र्धनमा विभिन्न निकायबीच सहकार्यको अभाव हुनु,
- युवा एवम् दक्ष जनशक्ति विदेशमा पलायन हुनु,
- कार्यक्रमका उपलब्धिहरुको समीक्षा नगरिनु,
- पर्यटन नीति र सुरक्षा नीतिका बीच तालमेल नहुनु,
- पदयात्राको रेखाङ्कन र पर्यटन सूचना केन्द्रको अभाव हुनु,
- सम्भावित उपजहरुको प्रभावकारी रुपमा बजारीकरण गर्न नसक्नु,
- पूँजी, प्रविधि, राजनीतिक स्थिरता, सकरात्मक सोच र समन्वयको सदैव अभाव देखिनु,
- कर्तव्यको बोध नगरी अधिकारको खोजीमा मात्र तल्लीन रहने प्रवृत्ति,
- पर्यटन व्यवसायलाई जीविकोपार्जनको मूल आधार बनाउन नसक्नु,
- पर्यटनसम्बन्धी जनचेतनाको अभाव आदि ।

## ५. निष्कर्ष तथा सुझावहरु

यसरी धवलागिरि पर्यटन विकासको उर्वर क्षेत्र हो । यस क्षेत्रका जैविक उत्पादनहरु (आलु, लसुन, भटमास, फापर, जौ, सिमी, मकै, केराउ, मुला, सिस्नु, टिमुर, भाँगो, बेसार, कोदो, दूध–घिउ, कफी, अलैंची, सिल्टिमुर, भिरमौरीको मह, बदाम), फलफूल खेतिहरु (सुन्तला, स्याउ, नास्पती, पलम, चिउरी, आँप, कटहर, लिची, लप्सी, भुइस्याउ), जडिबुटिहरु (सतुवा, यार्सागुम्बा, कालकुट, विष/निर्बिस/तिरमौसी/निरबौसी, एकलेविर, भुतकेश, जटामशि, सुगन्धवाल, सर्पगन्ध, चिराइतो, पाषणभेद, रक्तमुल, गुर्जा, घोड्ताप्रे, अभिजालो, पाँचऔंले, कुट्की, जिम्बु, लसुने साग, बातुलपाते, कुकुर

दाइनो, गोलकाक्री), मौलिक उत्पादनहरु (कम्मल, राडीपाखी, बुट्टेनली नेपाली कागज, मादल, सोली, डाला, नाङ्लो), मौलिक संकृति मेलाजात्रा, पर्वहरु (भुस पोल्ने पर्व, गोपिचन नाच, असारे पर्व, भदौरे पर्व, सिस्नु खोस्ने पर्व, घाटु नाच, सोरठी नाच, असारे गीत, नौमती बाजा, सारङ्गी, भजन, हनुमान नाच, न्वागीमेला, चैत्राष्टमी मेला, घुम्टे मेला, रोपाई नाच, जोगी नाच, लाखेनाच, लामा नाच, ल्होसार पर्व, यार्नुङ/घोडा दौड, बहुपति प्रथा, मुखिया प्रथा, थकाली र भोटो लोवारहरुको अन्त्यष्टि संस्कार, फाङी पर्व, ल्होसार पर्व), जैविक विविधता (कस्तुरी मृग, हाब्रे, वन कुकुर, ब्वाँसो, हिमाली भालु, हिउँ चितुवा, चिल, मोनाल, डाँफे, गिद्ध), खोटेसल्ला, गोब्रेसल्ला, भोजपत्र, बाँझ, ओखर, कटुस, मौवा, काफल, सिमल, तिजु, उत्तिस, चिउरी तथा अन्य गैरकाष्ठ वन पैदावारहरु, पुतली, माकुरा, माछा आदि पर्यटकहरुका लागि आकर्षकका क्षेत्रहरु हुन् । त्यस्तैगरी यहाँको प्राकृतिक सौन्दर्यता, जलस्रोत र ऐतिहासिक पक्षले जो कोहीलाई पनि आकर्षित गर्न सक्दछ । हिमाल, पहाड र समथर भूभागले युक्त यो क्षेत्र झट्टहेर्दा मानवीय आकृति जस्तो देखिन्छ । हिमालले मानिसको सेतो फेटाको संकेत गरेको छ भने हरियाली पहाडले मानिसले हरियो रंगको भोटो लगाएको अनुभूति गराउँदछ । त्यस्तैगरी रंङ्गी चङ्गी घरवाट सजिसजाउ गरिएको सदरमुकाम/बजारले रंङ्गीन कछाड मानिसले लगाएको संकेत गर्दछ । यस प्रकारको फरक अनुभूति बटुल्न पनि पर्यटकहरु आउन सक्दछन् । यस क्षेत्रमा विद्यमान प्रकृति, संस्कृति, साहसिक सिर्जना र गतिविधिहरु नै प्रर्यटन प्रवद्र्धनका आधार स्तम्भहरु हुन् । तर यो संभावनाहरुलाई प्रचारप्रशार गर्न सकिएको छैन । पर्यटनको विकास भनेको तथ्यमा बसेर गरिने हल्ला नै हो । यसको प्रवद्र्धन प्रचार–प्रसारमा निर्भर गर्दछ । यस क्षेत्रमा पर्यटनको विकास हुन सकेन भनेर विलौना गर्ने होइन । पर्यटकलाई आकर्षित गर्ने र टिकाउने वातावरण कसरी सिर्जना गर्न सकिन्छ, त्यतातर्फ सरोकारवाला निकायहरुको ध्यान केन्द्रित हुनु पर्दछ । यो क्षेत्रमा पर्यटन विकास हुन नसकेको कारण यसलाई उचित व्यवस्थापन गर्न नसकेर हो भन्ने कुरामा स्वयम सरोकारवालाहरु एकमत छन् । अनुभव लिन पनि पर्यटकहरु काम गर्न चाहान्छन् । त्यो व्यवस्था मिलाउनु सक्नु पर्दछ । गन्तव्यस्थलको पहिचान, मूल संरचना निर्माण, हुनेखानेका लागि केवलकार र स्थानीय संस्कृति झल्किने खालका पर्यटक बोक्ने पाल्कीहरुको सुविधा तथा बास वस्नका लागि सुविधायुक्त आरामदायी होटेलहरु, हुँदा खानेहरुको लागि सफा र फराकिला सिंढीहरु, ठाउँठाउँमा विश्रामस्थलहरु, बाँस र वेतका लठ्ठीहरु, खाना–बस्नका लागि सानासाना होटलहरु, स्थानीय परिकारहरु आदिको व्यवस्था हुनु पर्दछ । यी सवै पक्षको उचित व्यवस्थापन गर्न सकियो भने यो क्षेत्रले संवृद्ध नेपाल निर्माणका लागि टेवा पुर्‍याउन सक्ने देखिन्छ ।

धवलागिरिमा पर्यटन व्यवसायलाई प्रवद्र्धन गर्नका लागि सार्वजनिक, निजी, सहकारी एवम् अन्य सरोकारवाला निकायहरुले तपशिल बमोजिमका कदमहरु चाल्नुपर्ने अध्ययनले देखाएको छ —

- नयाँ पर्यटकीय गन्तव्यस्थलहरुको पहिचान, विकास र प्रवद्र्धन गर्ने,
- पर्यटन व्यवसायी, निजी क्षेत्र, स्थानीय निकाय र समुदायबीच समन्वय र सहकार्य गर्ने, गराउने,
- पर्यटकीय गन्तव्यस्थलहरुको व्यापक प्रचार–प्रसार गर्न सूचना केन्द्रहरुको व्यवस्था गर्ने,
- ग्रामीण क्षेत्रसम्म पर्यटकहरुलाई पुर्‍याउन होमस्टे तथा अन्य पूर्वाधारहरुको विकास गर्ने,
- समय, सन्दर्भ र परिवेशअनुसार स्थान विशेषमा सञ्चालन हुने मेला, पर्व, जात्रा, धार्मिक जमघट आदिलाई लक्षित गरी आन्तरिक तथा बाह्य पर्यटकहरुका लागि प्याकेजका कार्यक्रमहरु सञ्चालन गर्ने,
- पर्यटकिय पूर्वाधारहरुको निर्माण सरकारी लगानीमा निर्भर रहेता पनि पर्यटकीय गतिविधिहरु सञ्चालन गर्नका लागि स्थानीय संघसंस्था एवम् समुदायलाई जागरुक बनाई केन्द्र, प्रदेश र स्थानीय सरकारले सहजकर्ता र उत्प्रेरकको भूमिका निर्वाह गर्ने,

- पर्वतको आर्थरबाट क्रमशः पंञ्चासे लेक, डहरेको लेक, सेतीवेणी शालीग्राम, मोदीवेणी, अल्पेश्वर गुफा, गुप्तेश्वर गुफा, सहश्रधारा, निरयघाट, बागलुङ भगवती मन्दिर, शालिग्राम संग्राहलय देखि पञ्चकोट धामसम्म, भकुन्डेदह, भैरवस्थान मन्दिर, गाजाको दह, विहुँकोट, गलकोट दरबार, घुम्टेको लेक, निलुवा धुरी, बुर्तिबाङ बजार, ढोरपाटन शिकार आरक्ष, जलजला, ताकमकोट, तातोपानी, महारानीस्थान, ढोरलस्थान, गलेश्वर धाम, रुप्से झर्ना, अन्धगल्छी, मार्फा, जोमसोम, कागबेणी, मुक्तिनाथ, लोमाङस्थान, सिन्जाजोङ गुफा, कोरालापास, दामोदार कुण्डसम्मको पर्यटकीय पदमार्ग निर्माण गर्नुपर्ने,
- पंञ्चासे लेक, भकुन्डे, घुम्टेको लेक आदिमा केवलकार तथा फिल्म सुटिङ सेन्टर निर्माण गर्नु पर्ने,
- बागलुङबाट भकुण्डे, पञ्चकोट धाम, बलेवाको भैरवस्थान मन्दिर, घुम्टेको लेक सम्म; कुश्मा बजारबाट पञ्चासे लेक र डहरेको लेकसम्म; म्याग्दीको लुलाङ देखि जलजला सम्म; मुस्ताङको मुक्तिनाथ मन्दिरदेखि दामोदरकुण्डसम्म हर्स (Horse) ट्रेकिङ रुट निर्माण गर्नुपर्ने,
- नेपालभित्रको "सानो नेपाल"को उपमा पाएको बागलुङ जिल्लालाई नेपालको समग्र पक्ष झल्किने गरी सो– अनुसारका संरचनाहरु निर्माण गर्नुपर्ने,
- धवलागिरिका विभिन्न क्षेत्रहरु जस्तैः विश्वकै उत्कृष्ट तेस्रो गन्तव्यका रुपमा रहेको लोमाङ्थाङ्–वालसिटी, सर्वोच्च धाम दामोदर कुण्ड र मुक्तिनाथ मन्दिर, कृष्णगण्डकी नदीको तिरैतिर कागवेणी, विश्वकै गहिरो अन्धगल्छी, रुप्सेको छहरा, विश्वकै दुर्लभ जैविक विविधताले भरिएको पर्वतमाला, शिवजी महादेवको गला गुमेको गलेश्वरधाम, कालिका भगवती मन्दिर, चर्चित गुप्तेश्वर र अल्पेश्वर गुफा, सेतीवेणी शालिग्राम, घुम्टेको लेक, विश्वकै दुर्लभ सिकार आरक्ष ढोरपाटन आदिमा पर्यटकीय पूर्वाधारहरु बनाई बृहत सञ्जाल– मार्फत विश्वभरि प्रचारप्रसार गर्नुपर्ने,
- कालीगण्डकी नदीका विभिन्न स्थानहरुमा बांध बनाउने र त्यो जलाशयमा र्याफ्टीङ्–डुङ्गा चलाउने व्यवस्था तथा ठुला ठुला हाइड्रोपावर निर्माण गर्नुपर्ने,
- म्याग्दी जिल्लाको साविक राम्चे गा.वि.स नागी गाउँका वासिन्दा महावीर पुन जसले गा्रमीण सूचना केन्द्रको स्थापना गरि संचारको क्षेत्रमा महत्वपूर्ण योगदान दिए । यसै सम्मान स्वरुप एशियाकै नोवेल पुरस्कार मानिने म्यागासेसे पुरस्कारबाट समेत सम्मानित हुन पुगे । यस प्रकारको उर्वर क्षेत्रमा सूचना केन्द्र तथा होमस्टेको प्रभावकारी व्यवस्थापन गर्नुपर्ने,
- आन्तरिक एवम् बाह्य पर्यटकहरुलाई आकर्षित गर्नका लागि प्रकृतिका पर्यटकीय उत्पादनहरुमा जलयात्रा (Rafting), जङ्गल सफारी (Jungle Safari), चट्टान आरोहण (Rock Climbing), डुङ्गा शयर (Canoeing), हट एयर बेलुनिङ (Hot Air Ballooning), वन्जी जम्पिङ (Bungee Jumping), प्याराग्लाइडिङ (Paragliding), अल्ट्रालाइट एयरक्र्याफ्ट (Ultra Light Aircraft), माउन्टेन बाइकिङ (Mountain Biking), चराचुरुङ्गी अवलोकन (Bird Watching), घोडे यात्रा (Pony Treks), माछा मार्ने कार्य (Fishing), गुफामा गरिने ध्यान (Cave Meditation) (पन्त, २०६८) र पर्यटन मैत्री वस्तीहरुको पहिचान तथा यसको उपयुक्त व्यवस्थापन आदि लगायतका क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने,
- पर्यटकहरुलाई आकर्षित गर्न धवलागिरि सँग्रहालय र बृहत अनुसन्धान केन्द्र स्थापना गर्नुपर्ने आदि ।

अतः धवलागिरि क्षेत्रका विद्यमान तिर्थस्थल, सम्पदास्थल, प्राकृतिक स्रोत, सम्भावित पर्यटनमैत्री वस्तीहरु र पदयात्रा मार्ग आदि नै पर्यटन विकासका मूख्य आधारस्तम्भ हुन भन्न सकिन्छ।

## लेखकको संलग्नता:

**Dr. Sudarsan Silwal**
Associate Professor
Dhawalagiri Multiple Campus, Baglung

## सन्दर्भ सामग्रीसूची

1. रातका (२०७९), राष्ट्रिय जनगणना २०७८, संक्षिप्त नतिजा, नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालय।
2. गण्डकी प्रदेश (२०१९), कार्य योजना, गण्डकी प्रदेश, आन्तरिक पर्यटन वर्ष २०१९, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, नेपाल।
3. जिकृका (२०७२), वार्षिक प्रतिवेदन– २०७२, जिल्ला कृषि कार्यालय (जिकृका), बागलुङ।
4. जिविस (२०७१), बागलुङ जिल्लाको वस्तुगत विवरण, जिल्ला विकास समिति (जिविस) को कार्यालय, बागलुङ।
5. थापा, दिनबहादुर र सुदर्शन सिलवाल (२०७३), धवलागिरिमा उच्च शिक्षा, शैक्षिक अनुसन्धान तथा विकास केन्द्र, बागलुङ, नेपाल।
6. पन्त, शास्त्रदत्त (२०६८), हिमाली राष्ट्रिय निकुञ्ज र पर्यटन विकास, ग्रामिण विकास प्रतिष्ठान (सिरुड)।
7. सिलवाल, सुदर्शन (२०७३), इलामको विकास खम्वा पर्यटनः सम्भावना र चुनौतिहरु, लोपोन्मुख लाप्चा, समाजशास्त्र÷मानवशास्त्र विभाग, धवलागिरि बहुमुखी क्याम्पस।
8. सिलवाल, सुदर्शन (२०७३), मुस्ताङ जिल्लाका आर्थिक सम्भावनाहरु, मुस्ताङको पहिचान र म्याग्दी राम्चेको नागी गाउँ, समाजशास्त्र/मानवशास्त्र, धवलागिरि बहुमुखी क्याम्पस।
9. शर्मा, मैत्रेय, विष्णुप्रसाद (२०५१), बागलुङको ऐतिहासिक रुपरेखा, धवलागिरी पुरस्कार प्रतिष्ठान।
10. गघुविम (२०७०), घुम्टे (वर्ष १०, अङ्क ४), गलकोट घुम्टे विकास मञ्च (गघुविम), बागलुङ, नेपाल।
11. खत्री, लोकबहादुर (२०६९), क्षेत्रीय पर्यटन प्रवद्र्धनः चुनौति र सम्भावनाहरु, पर्यटनसम्बन्धी क्षेत्रीय गोष्ठी (२०६९/११/२३), बागलुङमा प्रस्तुत कार्यपत्र।
12. भट्टराई, बाबुराम (२०६३), राजनैतिक अर्थशास्त्रको आँखीझ्यालबाट, जनध्वनि प्रकाशन, काठमाडौं, नेपाल।
13. कर्मचारी क्लब (२०७२), मुस्ताङ सन्देश, (वर्ष २६, अङ्क १२), कर्मचारी क्लब, मुस्ताङ, नेपाल।
14. तकाबा (२०७२), जिल्ला वस्तुगत विवरण, म्याग्दी– २०७२, तथ्याङ्क कार्यालय बागलुङ (तकाबा), नेपाल।
15. एनटिएनसी/एक्याप/युएमविसिपी (२०६३), उपल्लो मुस्ताङमा पाइने केही महत्वपूर्ण वन्यजन्तु तथा वनस्पतिहरु, राट्रिय प्रकृति संरक्षण कोष (NTNC), अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (ACAP), उपल्लो मुस्ताङ जैविक विविधता संरक्षण परियोजना (UMBCP), मुस्ताङ, नेपाल।
16. GoN/MoFSC (2014). Nepal national biodiresity strategy and action plan, 2014-2020. Government of Nepal, Ministry of Forest and Soil Conservation, Nepal.
17. DDC (2070). District tourism master plan. District Development Committee (DDC), Parbat, Nepal.
18. धौलागिरि सामुदायिक श्रोत विकास केन्द्र (DCRDC) को आन्तरिक अभिलेख, २०७८।
19. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको अभिलेख, २०७०।
20. राज्य पुनरसंरचना आयोगको प्रतिवेदन, २०७३।
21. कालीगण्डकी तिरको स्थलगत अवलोकनबाट प्राप्त जानकारी, १५–१७ बैशाख २०७९।
22. रामप्रसाद उपाध्यायसँगको अन्तरवार्ता, ५ माघ २०७८।
23. धवलागिरि क्षेत्रको स्थलगत अवलोकन, १०–१४ असार २०७९।

## TO CITE THIS ARTICLE

Silwal, S. (2024). धवलागिरिमा पर्यटनका सम्भावना र चुनौतिहरु [Tourism in Dhawalagiri: Opportunities and challenges]. *International Research Journal of MMC, 5*(3), 104-116. https://doi.org/10.3126/irjmmc.v5i3.68504

**Submitted:** 27 June 2024 **Accepted:** 28 July 2024 **Published:** 31 July 2024

## COPYRIGHT

©2024 The Author(s). This is an open-access article distributed under the terms of the Creative Commons Attribution 4.0 International License (CC-BY-NC 4.0), which permits unrestricted use, distribution, and reproduction in any medium, provided the original author and source are credited. See https://creativecommons.org/licenses/by-nc/4.0/

*International Research Journal of MMC (IRJMMC)* is a peer-reviewed open access journal published by Research Management Cell, Makawanpur Multiple Campus, Hetauda